# भारत र चीन जोड्ने सडक कालोपत्रेका लागि ९३ करोडको सुनिश्चितता

**डम्मर बुढा मगर/हिटा**

**बागलुङ, २६ फागुन**

राष्ट्रिय गौरवको आयोजनाका रूपमा रहेको कालीगण्डकी करिडोरको बागलुङ खण्ड कालोपत्रे हुने भएको छ । कालीगण्डकी करिडोरको बागलुङ खण्डअन्तर्गत मालढुंगा-बलेवा खण्डको १० किलोमिटर सडकखण्ड कालोपत्रेका लागि अर्थ मन्त्रालयले बजेट सुनिश्चितता गरेसँगै सडक कालोपत्रे हुने भएको छ । बागलुङ खण्डअन्तर्गतको मालढुंगा-टाकुरी-पालुङखोला ३८ किलोमिटर सडक विभागलाई हस्तान्तरण भइसकेको छ ।

हस्तान्तरण भएको ३८ किलोमिटर सडकमध्ये सुरुमा हस्तान्तरण गरिएको मालढुंगादेखि बलेवा विमानस्थलसम्मको सडक कालोपत्रेका लागि अर्थ मन्त्रालयले बजेट सुनिश्चितता गरी बहुवर्षीय ठेक्का प्रक्रियाका लागि भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयलाई पत्र पठाइसकेको अर्थ मन्त्रालयका शाखा अधिकृत सुशीलादेवी भट्टले जानकारी दिनुभयो । नेपाल सरकारले कालीगण्डकी करिडोरको कालोपत्रेका लागि गैंडाकोट-राम्दी-मालढुंगासम्मको सडक कालोपत्रेका लागि विनियोजन भएको एक अर्ब एक करोड १८ लाख १७ हजारमध्ये बागलुङ खण्डअन्तर्गतको मालढुंगा बलेवा विमानस्थलसम्मको १० किमी सडक कालोपत्रेका लागि बहुवर्षीय ठेक्का प्रक्रियामा जान स्रोत सुनिश्चित गरेको पत्र अर्थ मन्त्रालयले फागुन १८ गते भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमा पठाएको छ ।

सडक विभागलाई हस्तान्तरण गरेको दुई वर्षमा बल्ल उक्त सडक कालोपत्रेका लागि बजेट विनियोजन भएको छ । करिडोरअन्तर्गतको मालढुंगादेखि बलेवा विमानस्थलसम्मको १० किलोमिटर सडक १० मिटर चौडा बनाई सडक विभागलाई २०७६ पुस १ गते हस्तान्तरण गरेको थियो । कोरोनाका कारण प्रभावित बनेको कालीगण्डकी करिडोरको बागलुङ खण्डको बलेवा विमानस्थलदेखि पालुङ खोलासम्म २८ किलोमिटर सडक १० मिटर चौडा पार्ने कार्य सकिएर गत असारमा करिडोर निर्माणको जिम्मा पाएको नेपाली सेनाले सडक विभागलाई हस्तान्तरण गरेको छ ।

सडक विभागले कालोपत्रेमा ढिलाइका विषयमा नागरिकबाट गुनासो र आलोचना हुन थालेपछि अर्थ मन्त्रालयले बजेट निकासा गरेको हो । नेपालीको भाग्यरेखाका रूपमा रहेको भारत र चीनसँग जोडेर त्रिदेशीय सम्पर्कका रूपमा स्थापित हुने करिडोरको काम अगाडि बढ्ने अपेक्षा गरिएको छ ।

मालढुंगादेखि बलेवासम्मको सडक कोरोनाका कारण कालोपत्रेमा ढिलाइ भएको भए पनि अन्ततः बजेट सुनिश्चिततासँगै सडक कालोपत्रेका लागि ठेक्का प्रक्रियामा जानु बागलुङका लागि खुसीको कुरा भएको बागलुङ क्षेत्र नम्बर १ का संघीय सांसद डा. सूर्य पाठकले बताउनुभयो । 'लामो समयको प्रयासपछि बजेट सुनिश्चिततासँगै कालोपत्रेका लागि पहल भएको छ, कोरोनाका कारण वातावरणीय प्रभाव मूल्यांकन तथा डिपिआरका लागि केही ढिलाइ भएको थियो, आशा गरौं राम्रो ठेकेदार परेमा अबको दुई/तीन वर्षमा सडक कालोपत्रे भइसक्ने छ,' डा. पाठकले भन्नुभयो, 'बागलुङको भविष्यसँग जोडिएको करिडोर कालोपत्रे भएसँगै अहिले धमाधम धावनमार्ग कालोपत्रे भइरहेको बलेवा विमानस्थलसमेत सञ्चालनका लागि सहज हुनेछ ।' कालीगण्डकी करिडोर त्रिदेशीय सडक हो । यसले छिमेकी भारत र चीनलाई जोड्नेछ । मालढुंगादेखि गुल्मीको रिडीसम्मको खण्डमा सेनाले २०७० देखि काम गरेर सडक हस्तान्तरण गरेको छ । २०७० को असारमा शिलान्यास गरेपछि सेनाले ८० किमि ट्र्याक खोलेको थियो । सबै सडक खण्डको ट्र्याक खुलेपछि चौडा पार्ने काम पनि सेनाकै जिम्मामा थियो ।

अब सडकमा नाली र कालोपत्रेलगायत काम बाँकी छ । अत्यधिक पहरो र कडा चट्टान भएकाले सरकारले सेनालाई काम गर्ने जिम्मा दिएपछि ट्र्याक खुलेको थियो ।

# अवैध लागूऔषधसहित चार युवा पक्राउ

**पाल्पा/हिटा** । पाल्पाको बाटो प्रयोग गरी अवैध लागूऔषध ओसारपसार गर्ने युवाहरू पक्राउ परेका छन् । पाल्पाका विभिन्न ठाउँबाट लागूऔषधसहित चारजना युवा पक्राउ परेका हुन् । तानसेन नगरपालिका-७ बाँसटारीस्थित सिद्धार्थ राजमार्गबाट दुईजना र रिब्दीकोट गाउँपालिका-२ दमक र ३ डुम्रीकास्थित हार्थोक-सर्देवा कच्ची सडक खण्डबाट दुईजनालाई पाल्पा प्रहरीले पक्राउ गरेको हो ।

ध २ प ३६९४ नम्बरको मोटरसाइकलमा लागूऔषधसहित बुटवल जान लागेका दुईजनालाई प्रभास प्रहरी चौकीको टोलीले चेक जाँच गर्नेक्रममा बाँसटारीस्थित सिद्धार्थ राजमार्गबाट पक्राउ गरेको हो । पक्राउ पर्नेमा बाग्लुङ ताराखोला गाउँपालिका-१ का २१ वर्षीय नितेश घर्ती मगर र बाग्लुङ काठेखोला गाउँपालिका-५ का २० वर्षीय मोहन श्रीस छन् । उनीहरूको साथमा नुफ्रिन ३ एम्पुल, डाइजेपाम २ एम्पुल, प्रोमथजन ३ एम्पुल, प्रयोग गरेको डाइजेपाम १ थान र सिरिन्ज २ थान फेला परेको जिल्ला प्रहरी कार्यालयका सूचना अधिकारी तथा प्रहरी निरीक्षक लक्ष्मण पचभैयाले जानकारी दिनुभयो ।

यस्तै हार्थोक प्रहरी चौकीले तानसेन हुँदै सर्देवातर्फ जाँदै गरेको ध १ प १०४९ नम्बरको मोटरसाइकलसहित एकजनालाई पक्राउ गरेको छ । प्रहरीले बाग्लुङ नगरपालिका-३ का २१ वर्षीय सौरभ पुनलाई अवधै लागूऔषधसहित पक्राउ गरेको हो । पुनको साथबाट डाइजेपाम २२, नुफ्रिन २०, प्रोमथजन २२ गरी ६४ एम्पुल फेला परेको प्रहरीले जनाएको छ ।

यसैगरी हार्थोक प्रहरी चौकीले नै तानसेन हुँदै दमकतर्फ जाँदै गरेको अवस्थामा शंका लागेर चेकजाँच गर्नेक्रममा एकजनालाई पक्राउ गरेको छ । प्रहरीले बागलुङ नगरपालिका-८ घर भई बागलुङ नगरपालिका २ हल्लनचोकमा डेरामा बस्ने २३ वर्षीय सञ्जय नेपालीलाई अवैध लागूऔषधसहित पक्राउ गरेको हो । नेपालीको साथबाट डाइजेपाम २७, नुफ्रिन २०, प्रोमथजन २६, नोफिन २७ गरी ८० एम्पुल फेला परेको प्रहरीले जनाएको छ । पक्राउ परेका चारैजनालाई थप अनुसन्धानका लागि प्रहरी हिरासतमा राखिएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।



## Invitation for Sealed Quotation

## Dolpo Buddha Rural Municipality, Dolpa

### Invitation for Sealed Quotation for procurement of Fabricated Steel Parts for Trail Bridges

***Date of publication: 11-03-2022 (2078-11-27 BS)***

1. Dolpo Buddha Rural Municipality invites sealed bids from registered fabricators for supply of fabricated steel parts for following Trail Bridges.

| S.N | Description of Works | Contract ID | Estimated Amount (Exclusive of VAT and Contingencies) | Bid Security Amount | Remarks |
|---|---|---|---|---|---|
| 1 | Fabrication of steel parts and transportation up to road heads Nepalgunj Airport of Jhong Suspended Trail Bridge | DBRM/TB/SQ/01/2078-079 | NRS. 12,40,433.10/- | NRs.38,000/- | Bidding Document Fee NRs 1,000/- |
| 2 | Fabrication of steel parts and transportation up to road heads Nepalgunj Airport of Toro Sipcho Steel Truss Bridge | DBRM/TB/SQ/02/2078-079 | NRS. 14,55,831.50/- | NRS.44,000/- | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the **office Of The Municipal Executive**, Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal
3. Sealed bids must be submitted **office Of The Municipal Executive**, Dolpo Buddha Rural Municipality, Dolpa, Karnali Province, Nepal on or before 12:00 on 27-03-2022(2078-12-13 BS). Bids received after this deadline will be rejected. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at same day 14:00 at the office of Dolpo Buddha Rural Municipality, Dolpa.
4. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. The Employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

**Chief Administrative Officer**

## Invitation for Bids

## Office of Solududhakunda Municipality

### Invitation for Bids for the Construction of Taktor-Lamjura Road Upgrading Work

**Contract Identification No: NCB-06-078/79/cons**

***Date of publication: 2078/11/27***

1. **Solududhakuna Municipality** invites sealed bids or electronic bids from Nepalese eligible bidders for the construction of **Taktor-Lamjura Road Upgrading Work** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs.**Nrs 4408041.80 (including VAT & PS Item)**.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at PPMO website **www.bolpatra.gov.np/egp**.
3. A complete set of Bidding Documents may be purchased from PPMO's Web Site **www.bolpatra.gov.np./egp**,. Bidders, submitting their bid electronically, should deposit the cost Rs 3000.of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy pdf format of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   **Name of the Bank** : Rastriya Banijya bank
   **Name of Office** : Solududhakunda Municipality
   **Office Account no.** : 2020100301010005

4. Pre-bid meeting shall be held at **2078-12-18-at office of Solududhakunda Municipality**.
5. Sealed or electronic bids must be submitted to the office through PPMO website **www.bolpatra.gov.np/egp on or before 12:00** Hours on **2078-12-27** . Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **14:00 hours on 2078-12-27** at the office of **Solududhakunda Municipality** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of Nrs.113000.00 , which shall be valid for 30 days beyond the validity period of the bid . Information to deposit the cost of bid security amount in Bank:

   **Name of the Bank** : Rastriya Banijya bank
   **Name of Office** : Solududhakunda Municipality
   **Office Account no.** : 2020100303000005

7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

**नेपाल सरकार**
**शहरी विकास मन्त्रालय**
**शहरी विकास तथा भवन निर्माण विभाग**
**संघीय आयोजना कार्यान्वयन इकाई**
**नेपालगंज, बांके**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(प्रकाशित मिति : २०७८/११/२७ गते)**

यस कार्यालयको मिति २०७८।११।११ गते नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित आर्थिक प्रस्ताव खोल्ने सम्बन्धी सूचना अनुसार सफल भएका बोलपत्रहरुमध्ये तपसिल बमोजिमको बोलपत्र न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही भएको हुँदा स्वीकृतिको लागि छनौट भएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७ को उपदफा २ र ३ को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल :**

| सि. नं. | ठेक्का नं. | कामको विवरण | न्यूनतम मूल्याङ्कित सारभूतरुपमा प्रभावग्राही बोलपत्रदाताको नाम | कबोल अंक (मु.अ.कर बाहेक) |
|---|---|---|---|---|
| 1. | DUDBC/FPIU/Banke/Work/NCB/2078/079-17 | Construction of Asphalt Road from Pahadipur Chowk-Ward Office-Badaalpur, Rajapur-05, Bardiya | M/S Bardiya Black Buck-Yadav JV, Gulariya-9, Bardiya | 2,03,66,443.51 |

**आयोजना प्रमुख**

Local Government

## Gangajamuna Rural Municipality

### Office of Rural Municipal Executive

**Phulkharka, Dhading**
**Bagmati Provience, Nepal**

### Intention to Award

***Date of Publication: 2078/11/27***

Pursuant to Clause 27(2) of Public Procurement Act 2063 and ITB 39.1 of bidding document, this is to notify all that the following minimum evaluated substantially responsive bidders have been selected to award the following contracts as per the Invitation for Bids Published on Gangajamuna Rural Municipality and Madhyanna Daily dated 2078/10/16.

| S N | Contract No | Name of Work | Name and Address of Bidder | Bid price (including VAT and PS) |
|---|---|---|---|---|
| 1. | GRM/DHADING /10/078-79 | Dhadkharka Khanepani Yojana (Ak Ghar Ak Dhara) | M/S Saptarangi construction, Manamaiju-01, Kathmandu | Nrs.41,99,781 |

***Chief Administrative Officer***

## Dharmadevi Municipality

### Office of the Municipal Executive

**Mudeshanischare, Sankhuwasabha**

### Invitation for Bids for the Tin Dovane Bridge

**Contract Identification No: DD-MUN-BR-NCB-07-2078/79**

***Date of Publication: 11-03-2022***

1. The Dharmadevi Municipality invites sealed or electronic bids from eligible bidders for the procurement of Steel Parts & Fixture under National Competitive Bidding procedures specified in Public Procurement Act and Regulations. The estimated amount for the works is **NRs. 1196558.50 (Exclusive of VAT and Contingencies)**.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Dharmadevi Municipality, Sankhuwasabha, Province No. One, Nepal or may visit PPMO egp system website **www.bolpatra.gov.np/egp**.
3. A complete set of Bidding Documents may be purchased from the following bank/office by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of **3000.0 NRs till 10-04-2022 14:00 hours**. If so, requested Bidding Documents can also be sent by post/ service upon payment of additional fee for post/courier. However, the Employer will not be responsible for delay or non-delivery of the document to sent

   **Name of the Bank** : Nepal SBI Bank Ltd.
   **Name of Office** : Dharmadevi Municipality
   **Office Code No.** : 80104403300
   **Office Account no** : 41395241207004
   **Rajaswa (revenue) Shirshak No.** : 10000

4. Sealed or Electronic bids must be submitted to the office of Dharmadevi Municipality, Sankhuwasabha, Province No. One, Nepal through PPMO website www.bolpatra.gov.np. on or before **10-04-2022 14:00 hours**. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at **10-04-2022 14:00 hours** at the office of Dharmadevi Municipality, Sankhuwasabha
6. Bids must be valid for a period of 120 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in pdf format in case of e-bid, amounting to a minimum of NRs. 60,000 which shall be valid for 30 days beyond the validity period of the bid.
7. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.

***Chief Administrative Officer***